# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

शोक विदा सम्बन्धमा

मिति २०८२ साल भाद्र २३ गतेका दिन काठमाडौँ लगायत विभिन्न स्थानमा जेन-जी पुस्ताले गरेको प्रदर्शनका क्रममा ठुलो सङ्ख्यामा नागरिक हताहत भएको घटनाले हामीलाई अत्यन्तै मर्माहित तुल्याएको छ।

घटनामा ज्यान गुमाएको परिवार प्रति गहिरो समवेदना तथा सहानुभुती व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना सहित उपचारको व्यवस्था मिलाउनुहुन समेत नेपाल सरकारसँग अपिल गर्न चाहान्छौँ।

उक्त घटनामा दिवङ्गत आत्मा प्रति शोक प्रकट गर्दै मिति २०८२ भाद्र २४ र २५ गते जम्मा २ दिन यस कार्यालयका अतिरिक्त मातहतका सबै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु (अत्यावश्क सेवा बाहेक), शैक्षिक संस्थाहरुमा शोक विदा दिने निर्णय भएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

लोकतन्त्रमा शान्तिपूर्ण प्रदर्शन गर्न पाउने नागरिकको अधिकार प्रति कालिका नगरपालिका सधै प्रतिबद्ध छ। यस विषम परिस्थितिलाई हामी सबैले संयमता र धैर्यताका साथ शान्ति र सद्भाव कायम गर्न समेत हार्दिक अपित गर्दछौ।

२४ भाद्र, २०८२

(विनोद रेग्मी)
नगर प्रमुख

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np